# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि.

## सञ्चालक समितिको

## छैटौं तथा सातौं वार्षिक प्रतिवेदन

## (आ.ब.२०६६/०६७
## र
## आ.ब.२०६७/०६८)

**रजिष्टर्ड कार्यालयः**
पो.ब.नं. २३१००, त्रिदेवीमार्ग, ठमेल, काठमाडौं,
फोन नं. ४४११७०७,
फ्याक्स नं.: ४४११६९२
Email: cs@mos.com.np

## प्रतिवेदनमा समाविष्ट सामग्रीहरु पेज नं.


सञ्चालक समितिको स्वरूप

कम्पनीको व्यवस्थापन तथा शाखा कार्यालयहरू

साधारण सभा सम्बन्धी सामान्य जानकारी

छैटौं तथा सातौं वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान तथा छलफलको लागि बिषय सूचि

प्रोक्सी फारम

छैटौं तथा सातौं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको प्रतिवेदन

आ.ब. २०६६/०६७ को लागि लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र अनुसूचिहरू

आ.ब. २०६७/०६८ को लागि लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र अनुसूचिहरू

# साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै प्रतिनिधि-पत्र (प्रोक्सी) फारम दर्ता गरिसक्नु पर्नेछ । संस्थापक शेयरधनीहरूले संस्थापकमध्येबाट नै कुनै एक प्रतिनिधि नियुक्त गरी सोको फारम कम्पनीको कार्यालय, ठमेल, काठमाडौंमा र सर्वसाधारण शेयरधनीहरूले सोही समूह अन्तर्गतका कुनै एक शेयरधनीलाई प्रतिनिधि नियुक्त गरी सोको फारम यस कम्पनीको शेयर रजिष्ट्रार, एस क्यापिटल लि. लालदरवार, काठमाडौंमा दर्ता गर्नुपर्नेछ ।

२. सभामा भाग लिन र मतदान गर्न प्रतिनिधि-पत्र (प्रोक्सी) दर्ता गरिसकेपछि सोलाई बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना ४८ घण्टा अगावै जानकारी दिनुपर्नेछ ।

३. प्रोक्सी दोहोरो पर्न गएमा पहिले दर्ता गरिएको प्रोक्सीले मान्यता पाउनेछ । प्रोक्सी मुकरर गर्ने शेयरधनी स्वयं सभामा उपस्थित भई दस्तखत गर्नुभएमा प्रोक्सी स्वतः बदर हुनेछ ।

४. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रूपमा दर्ता भएका व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछन् ।

५. सभामा भाग लिने सर्वसाधारण शेयरधनीहरूले सभा हुने दिन शेयरको प्रमाणपत्र वा सोको प्रतिलिपी वा शेयरधनी परिचय नम्बर सहित नागरिकताको प्रमाणपत्र साथमा लिई आउनुहुन अनुरोध छ ।

६. छलफलको बिषयमध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको बिषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुपर्नेछ ।

७. उपस्थिति पुस्तिका बिहान ९:०० बजेदेखि खुल्ला रहनेछ ।

८. सर्वसाधारण शेयरधनीहरूको समूह "ख" बाट प्रतिनिधित्व गर्ने दुई सञ्चालकहरूको निर्वाचन सम्बन्धी कार्यक्रम मितिः २०६९/०२/२९ गते निर्वाचन अधिकृतद्वारा कम्पनीको प्रधान कार्यालयमा प्रकाशित गरिनेछ । निर्वाचन सम्बन्धी विषयहरू लगायत अन्य जानकारीको लागि कम्पनीको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

## आदरणीय शेयरधनी महानुभावहरू

२०६९ साल बैशाख १३ गते बसेको सञ्चालक समितिको ८१औं बैठकको निर्णयानुसार यस कम्पनीको छैटौं तथा सातौं वार्षिक साधारण सभा निम्न उल्लेखित मिति, समय र स्थानमा निम्न उल्लेखित बिषयहरूमाथि छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा कम्पनी ऐन, २०६३ बमोजिम त्यसको सूचना अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित गर्दै सो सभा सम्बन्धी कागजातहरू समाहित गरी यो प्रतिवेदन प्रस्तुत गरिएको छ ।

### छैटौं तथा सातौं वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समयः

मितिः २०६९ साल आषाढ ०४ गते सोमवार तद्नुसार जुन १८, २०१२

स्थानः रसियन कल्चर सेन्टर, कमलपोखरी, काठमाडौं ।

समयः बिहान १० बजे ।

### छलफलको बिषय सूचीः

क) सञ्चालक समितिको छैटौं तथा सातौं बार्षिक प्रतिवेदन पारित गर्ने,

ख) आ.ब. २०६७/६८ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिकको अनुमोदन,

ग) लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब. २०६६/०६७ र २०६७/०६८ को वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने,

घ) बिशेष प्रस्तावः सञ्चालक समितिले सिफारिस गरेबमोजिम चुक्ता पूंजीको १३.१६ % (८:१ का दरले) बोनस शेयर जारी गर्ने, कम्पनीको जारी तथा चुक्ता पूंजी बृद्धि गर्ने र सो बमोजिम प्रबन्धपत्रको दफा ५ संशोधन गर्ने,

ङ) आ.ब. २०६८/६९ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने,

च) सञ्चालकहरूको भ्रमण भत्ता तथा सुबिधा तोक्ने,

छ) बीमा समितिको निर्देशन बमोजिम चुक्ता पूंजी बृद्धि गर्ने कार्ययोजना तथा तयारीको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने,

ज) सर्वसाधारण शेयरधनीहरूको समूह "ख" बाट २ जना सञ्चालकहरूको निर्वाचन गर्ने,

झ) बिबिध ।

सञ्चालक समितिको आज्ञाले
देवेन्द्र कोइराला
कम्पनी सचिव

**श्री सञ्चालक समिति,**
लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
त्रिदेवीमार्ग, ठमेल, काठमाडौं ।

**बिषयः प्रतिनिधि नियुक्त गरेको**

महाशय,

त्यस कम्पनीको शेयरधनीको हैसियतले आगामी २०६९ साल आषाढ ०४ गते हुने छैटौं तथा सातौं बार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ........................................................................................ बस्ने त्यसै कम्पनीका शेयरधनी श्री ........................................................................... (शेयर प्रमाणपत्र नं. ............................ परिचय नं. ..................................) लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/छौं ।

निवेदक

प्रोक्सी लिनेको दस्तखतः

दस्तखतः
नामः
ठेगानाः
शेयर प्रमाणपत्र नं.:
शेयरधनी परिचय नं.:
कि.नं. ............................. देखि ........................... सम्म
मितिः

**द्रष्टव्यः**
१) यो निवेदन सभा हुनुभन्दा ४८ घण्टा अगावै पेश गरिसक्नु पर्नेछ ।
२) यसै कम्पनीका सम्बन्धित समूहका शेयरधनीमध्येबाट प्रतिनिधि चयन गर्नु पर्नेछ ।

---

## प्रवेश–पत्र

शेयरधनीको नामः ........................................................... शेयर प्रमाणपत्र नं.: ...................... शेयरधनी परिचय नं.: .....

शेयरधनीको हस्ताक्षरः ............................................................ शेयर संख्याः .......................

लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि. को मितिः २०६९ साल आषाढ ०४ गते हुने छैटौं तथा सातौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र ।

शेयरधनी आफैंले खाली कोठाहरू भर्नुहोला
(सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र प्रस्तुत गर्नु अनिवार्य छ)

(कम्पनी सचिव)

# छैटौं तथा सातौं बार्षिक साधारण सभाका लागि

# सञ्चालक समितिको प्रतिवेदन

**शेयरधनी महानुभावहरू,**

लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडको यस छैटौं तथा सातौं वार्षिक साधारण सभामा यहांहरूलाई सञ्चालक समितिको तर्फबाट म हार्दिक स्वागत गर्दछु । आज यस सभामा कम्पनीको काम कारवाहीको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०६६/६७ र २०६७/६८ को वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह र आवश्यक अन्य विवरणहरू अनुमोदनको लागि प्रस्तुत गरेका छौं ।

## बिगत वर्षहरुको कारोवारको सिंहाबलोकन:

आ.ब. २०६६/६७ मा यस कम्पनीले बीमाशुल्क बापत रू. ३०,४५,३१,८१७/२६ र आ.ब. २०६७/६८ मा रू. ३३,३२,५७,९१५/३० आर्जन गरेको छ । बिगत ३ वर्षमा आर्जन भएको बीमाशुल्क आम्दानीको क्षेत्रगत तालिका, वासलात र नाफा नोक्सान हिसावको विवरण निम्न अनुसार रहेको छ ।

| बीमाको प्रकार | आ.ब. २०६५/६६ | आ.ब. २०६६/६७ | अन्तर % | आ.ब. २०६७/६८ | अन्तर % |
|---|---|---|---|---|---|
| अग्नी | ३२,०२६,१२२ | ३६,५१७,३६१ | १४.० | ३८,८९१,३०३ | ६.५ |
| सामुद्रिक | ४,९२४,४९६ | ५,९५७,३४१ | २१.० | ५,४०३,६६६ | (९.३) |
| मोटर | १२१,२०२,४७३ | २२४,३६८,८०७ | ८५.१ | २५२,९६७,२४३ | १२.७ |
| इञ्जिनियरिङ्ग | ८,८०१,०५३ | १६,५६७,५४६ | ८८.२ | २०,५०७,५१७ | २३.८ |
| विविध | १५,०४९,१७५ | २१,१२०,७६३ | ४०.३ | १५,४८८,१८६ | (२६.७) |
| **जम्मा बीमाशुल्क** | **१८२,००३,३१९** | **३०४,५३१,८१७** | **६७.३** | **३३३,२५७,९१५** | **९.४** |
| पुनर्बिमा शुल्क | ८०,६०३,८२८ | १०२,४३५,८७२ | २७.१ | ९९,१२५,८०६ | (३.२) |
| खुद बीमाशुल्क | १०१,३९९,४९१ | २०२,०९५,९४५ | ९९.३ | २३४,१३२,१०९ | १५.९ |
| खुद नाफा | १५,०४३,७५१ | २३,५७८,४३६ | ५६.७ | ९,७०६,०२८ | (५८.८) |
| दावी भुक्तानी | ४९,८७८,०२२ | ६३,९५२,७४७ | २८.२ | १४४,२७९,९८७ | १२५.६ |
| दावी व्यबस्था | १९,४२२,९६१ | ७२,३९६,३५१ | २७२.७ | ८५,३१०,७०९ | १७.८ |
| व्यवस्थापन खर्च | ३१,०८०,८७० | ३५,४७८,०१९ | १४.१ | ४०,३१८,८५४ | १३.६ |

**कम्पनीको लक्ष्याङ्क:** सञ्चालक समितिबाट आ.ब. २०६६/६७ को लागि कम्पनीको बीमाशुल्क आम्दानीको लक्ष्याङ्क रू. २३ करोड तोकिएकोमा सो लक्ष्याङ्कभन्दा ३२.४० प्रतिशत बढि गरी रू. ३० करोड ४५ लाखभन्दा बढि बीमाशुल्क  हांसिल गर्न सफल भयो । त्यसै गरी आ.ब. २०६७/६८ को

लागि कम्पनीको बीमाशुल्क आम्दानीको लक्ष्याङ्क रू. ३३ करोड १६ लाख तोकिएकोमा रू. ३३ करोड ३२ लाख बीमाशुल्क हांसिल गर्न सफल भयो ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिको प्रभाव:

बिगत वर्षहरूको तुलनामा शान्ति सुरक्षाको अबस्थामा सुधार भएपनि उद्योग व्यापार क्षेत्र फस्टाउन नसकेकोले त्यसबाट कम्पनीले अपेक्षाकृत लाभ लिन सकेन । विगत केहि वर्षदेखिको विद्युत लोडसेडिङ्ग, श्रम समस्या आदिको कारणबाट उद्योगहरू संकटग्रस्त रहनु, बन्द भएका उद्योगहरू पुन: सञ्चालनमा आउन नसक्नु र नयां उद्योगहरूको स्थापना नहुनुले देशको अर्थतन्त्रमा प्रगतिका संकेतहरू अझै देखिएका छैनन् । पर्यटन क्षेत्रको बिकास केहि सुधारोन्मुख रहेपनि सो क्षेत्रबाट बीमा कम्पनीहरूले तद्नुरूप लाभ उठाउन सकेका छैनन् ।

बीमा समितिबाट प्रकाशित विवरण अनुसार आ.ब. २०६६/६७ मा निर्जिवन बीमाशुल्क करिब रू. ६ अरब ५० करोड रहेको छ । सो अनुसार यस कम्पनीको हिस्सा ४.७% रहेको छ । नेपालको बीमा व्यवसायको आयातनमा आशातित बृद्धि नभएको अबस्थामा १७ वटा निर्जीवन बीमा कम्पनीहरूको बीच तीब्र प्रतिष्पर्धा रहेको छन् ।

अन्तर्राष्ट्रिय बजारमा र बिशेष गरी अमेरिका तथा युरोपिय मुलुकहरूमा देखिएको आर्थिक मन्दी सुधारोन्मुख हुदै छन् । छिमेकी मुलुकहरू चीन र भारतको आर्थिक बृद्धिदर उच्च रहेको छ । तर नेपाल राष्ट्र बैंकबाट प्रकाशित विवरण अनुसार आ.ब. २०६६/६७ को आर्थिक बृद्धिदर गतवर्षको ४.७% को तुलनामा घट्न गई ३.७२ मात्र र आ.ब. २०६७/६८ को ३.५% रहेको छ भने मूल्यबृद्धि औसत १०% को हाराहारीमा रहेको छ । यसबाट जनताको क्रयशक्ति कम हुन गई व्यवसायमा उल्लेख्य सुधार हुने सम्भावना न्यून रहेको छ ।

## चालु आर्थिक बर्ष ०६८/६९ को उपलव्धी र भविश्यको योजना:

चालु आर्थिक वर्षको चैत्र मसान्तसम्मको बीमाशुल्क आम्दानीको विवरण (लेखापरीक्षण हुन बाँकी) निम्न बमोजिम छ:

| व्यवसायको किसिम | जम्मा बीमाशुल्क |
|---|---:|
| अग्नी | २९,६१६,७५६ |
| मोटर | १४७,५२९,४०५ |
| सामुद्रिक | ४,३६५,२९९ |
| विविध | १२,२३९,१३७ |
| इञ्जिनिरिङ्ग | १३,७३२,८४२ |
| **जम्मा** | **२०७,४८३,४३८** |

बिगत छ वर्षको अनुभवको आधारमा कम्पनीले नाफामूलक व्यवसायमा बढि केन्द्रित रहने नीति तय गरेको छ । मोटर बीमामा व्यवसायिक सवारी साधनहरूको बीमाबाट एकैपटक बढि बीमाशुल्क प्राप्त हुने भएतापनि बिगत छ वर्षको अनुभवबाट दावीको परिमाण, मोटर बीमामा

कम्पनीले वहन गर्नुपर्ने दायित्व आदिका कारण त्यस्तो व्यवसाय क्रमशः घटाउंदै लगिएको छ । तर नेपाली बीमा कम्पनीहरूको व्यबसायमा ठूलो हिस्सा मोटर बीमाले ओगटेको र अन्य बीमाको अंश न्यून हुनुको साथै प्राप्त गर्न सहज नभएकोले सन्तुलन (Portfolio Balance) कायम गर्न सकिएको छैन ।

**कम्पनीको भवन निर्माणः** यस कम्पनीले काठमाडौं महानगरपालिका, वडा नं. ३३, ज्ञानेश्वरमा खरिद गरेको जग्गामा मितिः २०६७ साल मंसिर ०२ गते शिलन्यास गरी भवन निर्माण कार्य शुरू गरिसकेको छ । भवनको बाहिरि संरचनाको निर्माण कार्य पूरा भएको छ । भवनमा राखिने फर्निचर, उपकरणहरू राख्न र भित्री संरचना तयार गर्ने कार्य भैरहेको छ । सबै कार्यहरू सम्पन्न गरी आगामी अगष्टसम्म कम्पनीलाई हस्तान्तरण गर्ने अनुमान रहेको छ ।

## आ.ब. २०६८/६९ को कार्यक्रम:

- ललितपुरको पुल्चोक, जनकपुर, चन्द्रनिगाहपुर, दाङ्, सूर्खेत, भैरहवा, दमौली, महेन्द्रनगर, विर्तामोड र धरानमा बजार प्रतिनिधी राखि व्यवसायको पहुंच बिस्तार गरिनेछ ।
- मुनाफामूलक व्यवसायमा बिशेष ध्यान दिइनेछ ।
- आ.ब.को अन्त्यसम्ममा कम्पनीले आफ्नै भवनबाट कार्यालय सञ्चालन गर्ने लक्ष्य लिइएको छ ।

## कम्पनीको औद्योगिक तथा व्यबसायिक सम्बन्ध

कम्पनीले मुनाफामूलक व्यबसायमा आफ्नो पहुंच बढाउन बढि मेहनत गर्नुपर्ने कुरालाई मनन गरी व्यवस्थापनलाई उहांहरूसंग सम्पर्क बढाउन निर्देशन दिइएको छ । कम्पनीका बिभागहरूका बीचमा समन्वयात्मक भूमिकालाई अझै सुदृढ बढाई कम्पनीको काम कारोवारलाई अझ बढि व्यवसायिक बनाउंदै लैजाने नीति रहेको छ ।

बिदेशी पुनर्बीमा कम्पनीहरूसंगको सम्बन्ध सुदृढ रहेको र त्यस्ता कम्पनी एवं पूनर्बीमा ब्रोकरहरूबाट यस कम्पनीले सहयोग प्राप्त गरी रहेको छ ।

यस कम्पनीले हाल निम्न पुनर्बीमा ब्रोकरहरूबाट पूनर्बीमा व्यबस्था गरेको छः

1. **J.B. Boda Reinsurance Broker Pvt. Ltd. Mumbai, India**
2. **J.B. Boda & Co. (U.K.) Ltd., London, U.K.**
3. **PWS Labuan Ltd., Kuala Lumpur, Malaysia**

साथै देशभित्र रहेका बिभिन्न बीमा कम्पनीहरूसंग कायम रहेको सुमधुर सम्बन्धको कारण आन्तरिक पुनर्बीमा आदान-प्रदान गर्ने गरिएको छ । यसबाट कम्पनीले सन्तोषजनक प्रतिफल प्राप्त गर्न सफल भएको छ । यस कम्पनीका हाल निम्न पुनर्बीमा कम्पनीहरू रहेका छन्:

1. **General Insurance Corporation of India**
2. **African Reinsurance Corporation, Mauritius**
3. **Trust International Insurance Co. Ltd., Bahrain**
4. **ZEP-RE (PTA Reinsurance Company) Nairobi, Kenya**
5. **Kenya Reinsurance Corporation Ltd. Nairobi, Kenya**

6. Sirius International Insurance Corporation (Pulb), UK Branch.

बीमा समिति, कम्पनी रजिष्टारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल धितोपत्र विनिमय बजार लि., बीमा अभिकर्ता, सर्भेयरहरू, शेयर रजिष्टारबाट यस कम्पनीलाई आबश्यक सहयोग प्राप्त भै रहेको छ।

**शेयरको अभौतिकीकरणः** यस कम्पनीका शेयरहरूको कारोवारलाई केन्द्रिय निक्षेप सेवा प्रणालीमा आवद्ध गर्ने उद्देश्यले सम्पूर्ण शेयरहरू सिडिएस एण्ड क्लियरिङ्ग लि. मा दर्ता गराइनेछ।

## तालिम

बीमा समिति लगायत अन्य बिभिन्न संस्थाहरूबाट समय समयमा दिइने बीमा, वित्त, सम्पत्ती शुद्धिकरण निवारण लगायत बिभिन्न बिषयहरूसंग सम्बन्धित तालिमहरूमा कर्मचारीहरूलाई सहभागी गराइएको छ। यसै सिलसिलामा २०६९ साल बैशाख १७ र १८ गते कम्पनीका प्रधान कार्यालय र शाखा कार्यालयका कर्मचारीहरूलाई सहभागी गराई २ दिने पुनर्ताजगी तालिम समेत सम्पन्न गरियो।

## सञ्चालक समितिमा हेरफेर:

यस कम्पनीको तेश्रो वार्षिक साधारण सभाबाट सर्वसाधारण शेयरधनीहरूको तर्फबाट निर्बाचित २ सञ्चालक र पांचौं वार्षिक साधारण सभाबाट संस्थापक शेयरधनीहरूको तर्फबाट निर्वाचित ७ सञ्चालक समेत ९ जनाको सञ्चालक समिति रहेको छ। प्रस्तुत साधारण सभाबाट सर्वसाधारण शेयरधनीहरूको तर्फबाट दुई सञ्चालकहरूको निर्वाचन गर्ने कार्यक्रम रहेको छ।

## कारोवारलाई असर पार्ने मुख्य कुराहरू:

यसको अतिरिक्त तेश्रो पक्ष बीमाको कारणबाट बीमाशुल्क बढेपनि दावी बढि पर्ने गरेको हुंदा यसबाट उल्लेखनीय मुनाफा आर्जन गर्न सकिने अबस्था देखिएको छैन। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिबिधिहरूको प्रभाव शिर्षकमा उल्लेखित बुंदाहरूबाट कम्पनीको कारोवारलाई असर पर्ने सम्भावना छ। तद्अनुरूपको रणनीति तयार गरी उल्लेखित चुनौतिहरूको सामना गरिने विश्वास दिलाउन चाहन्छौं।

## लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख गरिएको भए सोउपर सञ्चालक समितिको प्रतिक्रियाः

आ.ब. २०६६/६७ को लेखापरीक्षण प्रतिवेदनको दफा (ङ) तथा प्रतिवेदनको अन्तमा उल्लेखित प्रमुख लेखा नीतिका बारेमा उल्लेखित कैफियत विवरण संलग्न गरिएका छन्।

## लाभांश बांडफांड गर्न सिफारिस गरिएको रकमः

बीमा समितिको मितिः २०६८/६/१० को पत्र तथा आ.ब. २०६७/०६८ को वित्तीय विवरण स्वीकृत गर्दाको बखत उल्लेख गरिएको शर्त एवं निर्देशन बमोजिम आगामी २०७० साल आषाढ मसान्तसम्म निर्जीवन बीमा कम्पनीको चुक्ता पूंजी रू. २५ करोड पुर्‍याउनुपर्ने र सो पूंजी कायम नभएसम्म नगद लाभांश वितरण नगरी मुनाफा रकमलाई बोनस शेयरको रूपमा बितरण गर्न

दिइएको निर्देशन बमोजिम आ.ब. २०६७/६८ सम्मको मुनाफाबाट शेयरधनीहरूलाई १३.१६% प्रतिशत बोनस शेयर बितरण गर्न सिफरिस गरिएको छ।

**शेयर जफत भएको बिबरणः**

समीक्षा अवधिमा शेयर जफत भएको छैन।

**कम्पनी र सहायक कम्पनी बीचको कारोवारः**

यस कम्पनीको सहायक कम्पनी छैन।

**आधारभूत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारीः**

समीक्षा अवधिमा आधारभूत शेयरधनीहरूबाट कम्पनीलाई कुनै जानकारी प्राप्त भएको छैन।

**सञ्चालक तथा पदाधिकारीहरूको शेयर स्वामित्वमा परिवर्तन र कारोवारमा संलग्नताः**

बीमा समितिको स्वीकृति लिई कम्पनीका संस्थापक शेयरधनी श्रीमती सविना राई पुनले आफ्नो नाममा रहेको २०,००० कित्ता शेयर यसै कम्पनीका संस्थापकहरूलाई बिक्री गर्नुभएकोमा सो बमोजिम निम्न संस्थापकहरूको शेयरको स्वामित्वमा परिवर्तन भएको छ।

| सि.नं. | शेयरधनीको नाम | आ.ब. ०६७/६८ | | आ.ब. २०६६/६७ | |
|---|---|---|---|---|---|
| | | प्रतिशत | रकम रू. | प्रतिशत | रकम रू. |
| १ | श्री हिमालय शम्शेर ज.ब.रा | ५.५५ | ६,९३१,९०० | ५.२० | ६,५००,००० |
| २ | श्री सुरज वैद्य | ५.५५ | ६,९३१,९०० | ५.२० | ६,५००,००० |
| ३ | श्री चिन्तामणि भट्टराई | ४.४४ | ५,५४५,५०० | ४.१६ | ५,२००,००० |
| ४ | श्री मनोहर दास मुल | ५.५५ | ६,९३१,९०० | ५.२० | ६,५००,००० |
| ५ | श्री श्याम बहादुर श्रेष्ठ | १.७१ | २,१३२,९०० | १.६० | २,०००,००० |
| ६ | श्री शंकर घिमिरे | २.९० | ३,६२५,९०० | २.७२ | ३,४००,००० |

यस कम्पनीका सञ्चालक तथा पदाधिकारीहरू कम्पनीको शेयर कारोवारमा संलग्न छैनन्।

**कम्पनीसंग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थबारे जानकारीः**

समीक्षा अवधिमा कम्पनीसंग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थ भएको जानकारी प्राप्त भएको छैन।

**कम्पनीले आफ्नो शेयर आफैं खरिद गरेको बारे जानकारीः**

समीक्षा अवधीमा कम्पनीले आफ्नो शेयर आफैं खरिद गरेको छैन।

**आन्तरिक नियन्त्रण प्रणालीः**

कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली सक्षम छ। आन्तरिक नियन्त्रणलाई नियमित र व्यबस्थित गर्नको लागि निम्न प्रकृयाहरूको अवलम्वन गरिएको छः

क) बीमा समितिको स्थलगत निरिक्षण र समय समयमा दिइएका निर्देशन बमोजिम कम्पनीको काम कारवाहीमा सुधार गर्दै लगिएको छ । आन्तरिक लेखापरीक्षक र लेखापरीक्षकबाट प्राप्त सुझाव अनुसार सुधार गर्ने र सोको प्रगतिको अनुगमन गर्दै जाने नीति लिइएको छ ।

ख) चालु आ.ब. २०६७/६८ देखि कम्पनीका शाखा कार्यालयहरू र प्रधान कार्यालयको व्यवसाय र अन्य कारोवारहरूलाई अनलाइन प्रणालीमा लगिएको छ । यसबाट काममा चुस्तता र पारदर्शिता कायम गर्न निकै मद्दत पुग्नेछ । साथै बिभागहरूको कार्यसञ्चालनको लागि बिभिन्न विनियम, निर्देशिका र दिग्दर्शनहरू तयार गरिएको र गर्ने कार्यक्रम रहेको छ ।

**समीक्षा वर्षको कूल व्यबस्थापन खर्चको विवरणः**

आ.ब. २०६६/६७ को कूल व्यबस्थापन खर्च रू. ३,५४,७८,०१८/५८ र आ.ब. २०६७/६८ को कूल व्यबस्थापन खर्च रू. ४,००,२९,१८७/३० (वासलातहरूको अनुसूचि-५ बमोजिम) रहेको छ ।

**लेखापरीक्षण समितिका सदस्यहरूको नाम, निजहरूको पारिश्रमिक, भत्ता तथा सुबिधा, समितिले गरेका काम कारबाही र सो समितिले कुनै सुझाव दिएको भए सोको बिबरणः**

**<u>लेखापरीक्षण समितिका सदस्यहरूः</u>**

श्री अरूण राज श्रेष्ठ अध्यक्ष

श्री सुरज वैद्य सदस्य

श्री सुरेश प्रजापति सदस्य

लेखापरीक्षण समितिका सदस्यलाई बैठक भत्ता बापत प्रति बैठक रू. ३,०००/- को व्यबस्था गरिएको र यस बाहेक अन्य सुबिधाको व्यबस्था गरिएको छैन ।

समीक्षा वर्षहरूमा लेखापरीक्षण समितिले व्यवसायको जोखिम बिश्लेषण प्रणालीमा सुधार गर्न, आन्तरिक तथा वाह्य लेखापरीक्षण प्रतिवेदनको समीक्षा गरी सोको कार्यान्वयन तथा सुधार गर्न वित्तीय विवरणहरूको वास्तविक र अद्यावधिक अभिलेखको लागि आवश्यक प्रकृयाहरूको अवलम्बन गर्न, शाखा कार्यालयहरूको व्यवसाय र कामकारवाहीहरूको प्रभावकारी अनुगमन र नियन्त्रण गर्न व्यबस्थापनलाई निर्देशन दिइयो ।

सञ्चालक, प्रबन्ध सञ्चालक/कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको फर्म, संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी छैन ।

**सञ्चालक, प्रबन्ध सञ्चालक/कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुबिधाको रकमः**

यस कम्पनीका कुनैपनि सञ्चालकहरूलाई बैठक भत्ता बाहेक अन्य पारिश्रमिक सुबिधा प्रदान गरिएको छैन ।

आ.ब. २०६६/६७ मा तत्कालिन महाप्रबन्धक श्री आर.बि. भडेललाई पारिश्रमिक बापत रू. १४,४०,०००/-, दशै भत्ता, बोनस, सुबिधा बापत जम्मा रू. २०,२९,४०४/६६ रहेको र सोको विवरण वासलातको अनुसूचि-२६ को दफा ११(क) मा उल्लेख गरिएको छ ।

आ.ब. २०६७/६८ मा हाल करारमा कार्यरत कम्पनीका महाप्रबन्धक श्री प्रकाशमान तुलाधरलाई रू. ११,७०,०००/- पारिश्रमिक भुक्तानी गरिएको छ । यस बाहेक उहांलाई मोवाइल बापतको महशुल र मासिक अधिकतम् ८० लिटरसम्मको इन्धन सुबिधा प्रदान गरिएको छ ।

**शेयरधनीहरूले बुझिलिन बाँकी नगद लाभांश रकमः**

२०६८ चैत्र मसान्तसम्ममा कम्पनीका शेयरधनीहरूले बुझिलिन बाँकी नगद लाभांश रकम रू.१०,११,६४५/०६ रहेको छ ।

**दफा १४१ बमोजिम सम्पत्ती खरिद बिक्रीको विवरणः**

आ.ब. २०६६/६७ र २०६७/६८ को अबधिमा सम्पत्ती बिक्री गरिएको छैन ।

**सम्बद्ध कम्पनी बीचको कारोवारः**

दफा १७५ बमोजिमको सम्बद्ध कम्पनी छैन ।

**लेखापरीक्षण, वासलात र अन्य विवरणः** लेखापरीक्षकको प्रतिवेदन, २०६७ साल आषाढ मसान्तको वासलात, आ.ब. २०६६/०६७ को नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचिहरू एवं लेखापरीक्षकको प्रतिवेदन, २०६८ साल आषाढ मसान्तको वासलात, आ.ब. २०६६/०६७ को नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचिहरूयसै प्रतिवेदनको अङ्को रूपमा प्रस्तुत गरिएको छ ।

**नाफा-नोक्सान वांडफांडः**

आ.ब. २०६७/६८ सम्मको सञ्चित मुनाफा मध्येबाट शेयरधनीहरूलाई १३.१६% मा आयकर कट्टा गरी (८ बराबर १ शेयरको हिसावले हुन आउने) रू. १,५६,२५,०००/- बराबर बोनस शेयर बितरण गर्ने सञ्चालक समितिबाट प्रस्ताव गरिएको छ ।

**आयकरः**

यस कम्पनीले आ. व. २०६६/६७ मा रू. १,०३,६७,६४२/९३ र २०६७/६८ मा रू. ५६,८१,२५८/५८ आयकर बापत नेपाल सरकारलाई बुझाएको छ ।

**<u>अन्य प्रस्तावहरूबारे संक्षिप्त विवरणः</u>**

क) यस कम्पनीको आ.ब. २०६७/६८ को लेखापरीक्षण गर्नको लागि साविकका लेखापरीक्षकले ३ आ.ब.को लेखापरीक्षण गरिसकेको, बीमा समितिबाट सूचिकृत चार्टर्ड एकाउन्टेन्टमध्ये ५ जना लेखापरीक्षकहरूबाट प्रस्ताव लिई सोको अध्ययन पश्चात श्री कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृतिमा चार्टर्ड एकाउन्टेन्ट श्री के.बि. चित्रकार एण्ड कम्पनीलाई लेखापरीक्षकमा नियुक्त गरिएको, निजको पारिश्रमिकको हकमा आ.ब. २०६६/६७ मा साविकका लेखापरीक्षकलाई भुक्तानी दिइए सरह नै रू. १,७५,०००/- (एकलाख पचहत्तर हजार) प्रदान गरिएको छ । प्रस्तुत नियुक्तिलाई सभाले अनुमोदन गर्ने विश्वास लिएका छौं ।

ग) यस कम्पनीको नियमावलीको नियम ३१(१) मा “सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुबिधा साधारण सभाले तोके बमोजिम हुनेछ” भन्ने उल्लेख गरिएको र कम्पनीका सञ्चालकहरू कम्पनीको कामको सिलसिलामा शाखा कार्यालयहरू, पुनर्बीमा

कम्पनी लगायत अन्य आवश्यक ठाउंको भ्रमण गर्दा निम्न भत्ता तथा सुबिधा प्रदान गर्ने प्रस्ताव स्वीकृत गरिदिन साधारण सभा समक्ष प्रस्ताव गरेका छौं:

| भ्रमण गर्ने मुलुक | दैनिक भ्रमण भत्ता | अन्य | होटल, खाना तथा परिवहन |
|---|---|---|---|
| नेपाल | रू. ३,०००/- | भ्रमण भत्ताको २५ प्रतिशत | बिल बमोजिम |
| भारत | भा.रू. ३,०००/- | | |
| अन्य सार्क मुलुकहरूमा | अमेरिकी डलर १०० | | |
| अन्य मुलुक | अमेरिकी डलर १५० | | |

घ) बीमा समितिको निर्देशन बमोजिम आगामी २०७० साल आषाढ मसान्तसम्म निर्जिवन बीमा कम्पनीको चुक्ता पूंजी रू. २५ करोड पु¥याउनुपर्ने निर्देशन प्राप्त भएको छ । हालको अबस्थामा के कस्तो प्रकृयाबाट पूंजी बृद्धि गर्न सकिन्छ भन्ने सम्बन्धमा शेयरधनीहरूको सुझाव महत्वपूर्ण हुने हुंदा सो लगायत यसबारे बिभिन्न बिकल्पहरूको खोजी गरी पूंजी बृद्धि सम्बन्धी योजना तयार गर्ने वा अन्य कम्पनीसंग मर्जरको प्रकृया अगाडि बढाउने लगायतको उपयुक्त बिकल्पको लागि सञ्चालक समितिलाई अख्तियार दिन अनुरोध गर्दछौं ।

**धन्यवाद ज्ञापनः**

कम्पनीले पाएको सहयोगको लागि शेयरधनी महानुभावहरू, ग्राहकवर्ग, बीमा समिति, कम्पनी रजिष्टारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल धितोपत्र बजार विनियम लि., शेयर रजिष्ट्रार, लेखापरीक्षक, बीमा तथा पुनर्बीमा कम्पनीहरू एवं ब्रोकरहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । कम्पनीको व्यवस्थापनमा संलग्न पदाधिकारीहरू तथा सम्पूर्ण कर्मचारीहरूलाई कम्पनीको उत्तरोत्तर उन्नति र प्रगतिमा पु¥याउनुभएको क्रियाशिल योगदानका लागि वहांहरूलाई म विशेष रूपले धन्यवाद दिन चाहन्छु । साथै हाम्रो क्रियाकलापहरूलाई सकारात्मक रूपमा लिई जनसमक्ष पु¥याइदिने सञ्चार जगतका मित्रहरू र सम्पूर्ण शुभेच्छुकहरूप्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यबाद ।

मनोहर दास मुल
अध्यक्ष/सञ्चालक समिति
दिनाङ्कः बैशाख १३, २०६९

# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि.
# को
# प्रबन्धपत्र

प्रबन्धपत्रको दफा (५) मा देहाय बमोजिम संशोधन गर्न प्रस्ताव गरिएको छ ।

| हालको व्यबस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| ५. कम्पनीको पूंजीको संरचना: कम्पनीको पूंजीको संरचना देहाय बमोजिम हुनेछः- | ५. कम्पनीको पूंजीको संरचना: कम्पनीको पूंजीको संरचना देहाय बमोजिम हुनेछः- | |
| क) कम्पनीको अधिकृत पूंजी रू. २५,००,००,०००/- (पच्चीस करोड) हुनेछ । उक्त पूंजीलाई रू १००/- दरको २५००००० ( पच्चीस लाख) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | क) कम्पनीको अधिकृत पूंजी रू.२५,००,००,०००/-(पच्चीस करोड) हुनेछ । उक्त पूंजीलाई रू १००/- दरको २५००००० (पच्चीस लाख) थान साधारण शेयरमा बिभाजन गरिएकोछ । | |
| ख) कम्पनीको जारी पूंजी रू. १२,५०,००,०००/- (बाह्र करोड पचास लाख) हुनेछ । | ख) कम्पनीको जारी पूंजी रू.२५,००,००,०००/-(पच्चीस करोड) हुनेछ । | ख) बीमा समितिको निर्देशन बमोजिम जारी पूंजी बृद्धि गर्नुपर्ने भएकोले |
| ग) कम्पनीको तत्काल चुक्ता पूंजी रू. १०,००,००,०००/- (दश करोड) हुनेछ । | ग) कम्पनीको तत्काल चुक्ता पूंजी रू. १४,०६,२५,०००/- ( चौध करोड छ लाख पच्चीस हजार) हुनेछ । | ग) बोनस शेयर जारी गर्दा चुक्ता पूंजी बृद्धि हुने भएकोले |
| घ) कम्पनीले जारी पूंजीको २५०००० कित्ता (२०%) शेयर सर्बसाधारणको लागि छुट्याएको छ । | घ) कम्पनीको जारी पूंजीको २० प्रतिशत शेयर सर्बसाधारणमा बितरण गरिनेछ । | |